त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मिति २०८२।१।२२

## स्नातकोत्तर तह प्रथम सत्रान्त (M.Ed. and MSSEd 1st Semester) को परीक्षा फारम भर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

२०८२ साल जेठ/असार महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) प्रथम सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक/मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुको परीक्षा आवेदन फारम भौतिक तथा अनलाइन (Online) मार्फत भर्ने म्याद यही २०८२ साल बैशाख २८ गतेसम्म थप गरिएको हुँदा सम्बन्धित सबैलाई सूचित गरिएको छ । तोकिएको समयभित्र परीक्षा आवेदन फाराम भर्न छुट हुने विद्यार्थीहरुले दोब्बर दस्तुर तिरी यही २०८२ साल बैशाख २९ गतेदेखि जेठ ४ गतेसम्म परीक्षा आवेदन फाराम भर्न सक्नेछन । सम्बन्धित क्याम्पसहरुले आ-आफ्नो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको भौतिक एवम् अनलाईन मार्फत भरिएका फारमहरु रुजु गरी आन्तरिक मूल्यांकनको प्राप्ताङ्क प्रविष्ट गरी संकलित परीक्षा शुल्क एकल शुल्कको हकमा यही २०८२ साल बैशाख ३० गतेसम्म तथा दोब्बर शुल्कको हकमा यही २०८२ साल जेठ ५ गतेसम्ममा यस डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी संलग्न गरी २०८२ साल जेठ ५ गतेसम्ममा Verify गरिसक्नु पर्नेछ ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः tufoe.edu.np को online form मा गई नियमित तथा आंशिक विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- २०६९ देखि २०७५ व्याचले मौका परीक्षाको फाराम भर्न पाउनेछन् ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- सम्बन्धित क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंक भौतिक फाराममा तोकिएको ठाउँमा प्रविष्ट गरी विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण तथा हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी यही २०८२ साल जेठ १५ गतेसम्म डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ । साथै परीक्षा आवेदन शुल्क डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पनि भौतिक परीक्षा फाराम साथै ल्याउनु पर्नेछ र डीन कार्यालयको लेखा शाखामा बुझाउनु पर्नेछ । अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । यदि आवेदक विद्यार्थीले अप्लोड गरेको फोटो अस्पष्ट भएमा आवेदन फारम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन